# सैनिक बिदा नियमहरू, २०१९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०१९।७।२७

**संशोधन**

| | | |
|---|---|---|
| १. | सैनिक बिदा (पहिलो संशोधन) नियमहरू, २०३४ | २०३४।११।२३ |
| २. | सैनिक बिदा (दोस्रो संशोधन) नियमहरू, २०३८[∞] | २०३८।१०।१२ |
| ३. | सैनिक बिदा (तेस्रो संशोधन) नियमहरू, २०४८ | २०४८।७।१८ |
| ४. | सैनिक बिदा (चौथो संशोधन) नियमहरू, २०५६ | २०५६।५।१४ |
| ५. | सैनिक बिदा (चौथो संशोधन) नियमहरू, २०५६ | २०५६।६।१७ |

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त सबै अधिकार प्रयोग गरी नेपाल सरकारले यी नियमहरू बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सैनिक बिदा नियमहरू, २०१९" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा-

(क) "ऐन" भन्नाले सैनिक ऐन, २०१६ सम्झनु पर्छ ।

(ख) "नेपाली सेनाका व्यक्ति" भन्नाले सैनिक ऐन, २०१६ लागू हुने नेपाली सेनाको व्यक्ति सम्झनु पर्छ ।

∞ २०३८ साल श्रावण १ गतेदेखि लागू ।



नेपाल कानून आयोग

[f]३. **विदाको किसिम** : नेपाली सेनाका व्यक्तिले देहाय बमोजिम बिदा पाउन सक्नेछन :-

(क) भइपरिआउने बिदा,

(ख) घर बिदा,

[#](ख१) अध्ययन बिदा,

(ग) बिरामी बिदा,

(घ) विशेष बिरामी बिदा,

(ङ) क्रिया बिदा,

(च) प्रसूति बिदा ।

४. **भैपरि आउने विदा** :[f](१) नेपाली सेनाका व्यक्तिले प्रत्येक सालमा बाह्र दिनमा नबढाई भइपरिआउने विदा पाउन सक्नेछ ।

[f](२) भइपरिआउने बिदा साधारणत: एक पटकमा चार दिनमा बढाई लिन पाइने छैन ।

(३) भैपरि आउने बिदा सार्वजनिक बिदा बाहेक अरू कुनै बिदासंग मिलाई लिन पाइने छैन ।

(४) भैपरि आउने बिदा संचित गरिएको सालको अर्को सालमा लिन पाइने छैन ।

(५) यस नियम बमोजिम भैपरि आउने विदा लिई बसेका सैनिक जवान कर्तव्यमा रहे सरह मानिनेछ र निजले पूरा तलब भत्ता पाउने छन् ।

(६) गयल परेको दिन भैपरि आउने बिदाबाट कट्टी गरी मिलाउन पाइने छैन ।

---

f पहिलो संशोधनद्वारा संशोधित ।

\# चौथो संशोधनद्वारा थप ।

f पहिलो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

५.  **घर बिदा** : ƒ(१) नेपाली सेनाका व्यक्तिले  साल एकको तीस दिनका दरले घर बिदा पाउन सक्नेछ ।

ƒ(२) घर बिदा बढीमा ◆एक सय पचास दिनसम्म संचित गर्न सकिनेछ ।

(३) बिरामी परी वा दैवी घटना परी उपनियम (७) वा (८) बमोजिम हुनेमा बाहेक एक सालको संचित गरिएको घर बिदा लिएको सैनिक जवानले सो घर बिदा सकिएपछि कर्तव्यमा हाजिर नभै अर्को नयाँ सालको घर बिदा लगातार पाउने छैन ।

(४) संचित भएको घर बिदा एउटै सालभित्र पनि पटक पटक पाउन सक्नेछ ।

ƒ(५) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिएकोमा बाहेक अरू जुनसुकै व्यहोराले आफ्नो नोकरीबाट अलग भएमा नेपाली सेनाको व्यक्तिले संचित ƒघर बिदाबाट बढीमा √एक सय असी दिनसम्मको तलब निजले पदाधिकार रहेको पदबाट खाईपाई राखेको तलबका दरले एकमुष्ट पाउनेछ । सेवामा बहाल छँदै मृत्यु भएमा उक्त रकम निजले इच्छाइएको व्यक्तिलाई र इच्छाइएको व्यक्ति नभए निजको नजिकको हकवालालाई दिइनेछ ।

✂..............

(६) घर बिदा बसेको नेपाली सेनाका व्यक्तिले पूरा तलब भत्ता पाउने छन् ।

(७) संचित भएको घर बिदा भुक्तान गरिसकेको नेपाली सेनाका व्यक्तिलाई कुनै दैवी घटना परी निजको आफ्नै परिवारको कुनै सदस्यको ज्यू ज्यान वा आफ्नै चल अचल सम्पत्तिमा कुनै ठूलो क्षति पुग्न गएमा वा  अरू पर्याप्त कारण परेमा अर्को सालको पाउने घर बिदाबाट कट्टी हुने गरी बढीमा ३० दिनसम्मको पेश्की घर बिदा दिन सकिनेछ ।

---

ƒ पहिलो संशोधनद्वारा संशोधित ।
ƒ पहिलो संशोधनद्वारा संशोधित ।
◆ पांचौ संशोधनद्वारा संशोधित ।
ƒ पहिलो संशोधनद्वारा संशोधित ।
ƒ पहिलो संशोधनद्वारा संशोधित । तेस्रो संशोधनद्वारा  संशोधन भई पांचौ संशोधनद्वारा झिकिएको ।
√ पांचौ संशोधनद्वारा संशोधित ।
✂ तेस्रो संशोधनद्वारा  संशोधन भई पांचौ संशोधनद्वारा झिकिएको ।



नेपाल कानून आयोग

(८) संचित भएको घर बिदा र बिरामी बिदा भुक्तान गरिसकेका नेपाली सेनाका व्यक्ति लामो बिरामी परेमा अर्को सालको पाउने घर बिदाबाट कट्टी हुने गरी बढीमा [f]तीस दिनसम्मको पेश्की घर बिदा दिन सकिनेछ।

[#]**५क. अध्ययन बिदा** : (१) सैनिक सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा सम्वन्धित विभागीय प्रमुखको स्वीकृति लिई खुल्ला प्रतियोगितामा वा अन्तर विभागीय प्रतियोगितामा छानिई वा नेपाल सरकारबाट मनोयन भै अध्ययन गर्न जाने नेपाली सेनाका व्यक्तिले अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्नेछ।

(२) नेपाली सेनाका व्यक्तिले सेवा अवधिभरमा एकै पटक वा पटक-पटक गरी तीन वर्षसम्म अध्ययन बिदा पाउनेछ।

तर नेपाल सरकारले आवश्यक ठानेमा अध्ययन बिदाको अवधिमा दुई वर्षसम्म थप गर्न सक्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अध्ययनको निमित्त मनोनयन भै अध्ययन बिदा लिई गएको नेपाली सेनाका व्यक्तिलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त अध्ययन बिदा थपिने छैन [⊕]र महासेनानी र सो भन्दा माथिल्लो दर्जाका नेपाली सेनाका व्यक्तिको २ वर्ष भन्दा अवधीको अध्ययन बिदा स्वीकृत गरिने छैन।

(४) अध्ययन बिदामा बस्दा नेपाली सेनाका व्यक्तिले पूरा तलब पाउनेछ।

(५) नेपाली सेनाको सम्बन्धित सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा विभागीय प्रमुखको सिफारिसमा नेपालसरकारको पूर्व स्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न जाने शाही नेपाली सेनाका व्यक्तिलाई उपनियम (२) बमोजिम अध्ययन बिदा दिन सक्नेछ।

नेपाल कानुन आयोग

---

f पहिलो संशोधनद्वारा संशोधित।

\# चौथो संशोधनद्वारा थप।

⊕ पांचौ संशोधनद्वारा थप।

(६) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (५) बमोजिम अध्ययन बिदामा बस्ने शाही नेपाली सेनाका व्यक्तिले अध्ययन बिदामा रहेको अवधिको तलब पाउने छैन ।

⊕(७) उपनियम (१) बमोजिम अध्ययन बिदामा बसेको नेपाली सेनाका व्यक्ति सो बिदामा बसेको अवधिमै पनि बढुवाको लागि उम्मेदवार हुन सक्ने छ ।

(८) ⊕तीन वर्ष सेवा अवधि नपुगी नेपाली सेनाका व्यक्तिले अध्ययन बिदा पाउने छैन ।

(९) अध्ययन बिदामा बस्ने नेपाली सेनाका व्यक्तिले अध्ययन गर्न जानु भन्दा अघि त्यस्तो अध्ययन पूरा गरी फर्केर आई आफ्नो सेवामा देहाय बमोजिमको अवधिसम्म अनिवार्य रूपमा सेवा गर्ने कवुलियत समेत गर्नु पर्नेछ :-

| | अध्ययनको अवधि | सेवा गर्नु पर्ने न्यूनतम अवधि |
|---|---|---|
| (क) | तीन महिनासम्म | -एक वर्ष |
| (ख) | तीन महिनादेखि ६ महिनासम्म | -डेढ वर्ष |
| (ग) | ६ महिनादेखि नौ महिनासम्म | -दुई वर्ष |
| (घ) | नौ महिनादेखि एक वर्षसम्म | -तीन वर्ष |
| (ङ) | एक वर्षदेखि दुई वर्षसम्म | -चार वर्ष |
| (च) | दुई वर्षदेखि तीन वर्षसम्म | -पाँच वर्ष |
| (छ) | तीन वर्षदेखि चार वर्षसम्म | -सात वर्ष |
| (ज) | चार वर्षदेखि पाँच वर्षसम्म | -आठ वर्ष |

नेपाल कानून आयोग

⊕ पांचौ संशोधनद्वारा थप ।

⊕ पांचौ संशोधनद्वारा थप ।

(१०) नेपाली सेनाका व्यक्तिले अध्ययन पूरा गरी फर्केर आएपछि उपनियम (९) मा उल्लेख भए बमोजिमको अवधिसम्म सेवा नगरेमा त्यस्तो शाही नेपाली सेनाका व्यक्तिबाट अध्ययन अवधिभर निजले पाएको तलब भत्ता तथा कबुलियतमा उल्लेख भएका अन्य रकमहरू समेत सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

(११) यस नियम बमोजिमको अध्ययन बिदा प्राविधिक तथा विशेषज्ञ सेवामा रहेका शाही नेपाली सेनाका व्यक्तिले मात्र पाउन सक्नेछ।

तर सैनिक सेवालाई दीर्घकालीन रूपमा फाइदा हुने भएमा उपनियम (११) बाहेकका अन्य सेवाका नेपाली सेनाका व्यक्तिलाई समेत यस नियम बमोजिम अध्ययन बिदा दिन सक्नेछ।

६. **बिरामी बिदा**: [f](१) नेपाली सेनाका व्यक्तिले प्रत्येक सालमा बाह्र दिनमा नबढाई बिरामी बिदा पाउन सक्नेछ।

तर विशेष बिरामी बिदा लिई बसेको अवधिको बिरामी बिदा पाउने छैन।

(२) उप-यिनम (१) बमोजिम पाउने बिदा बिरामी नै भई बिरामी ठहरेमा मात्र नेपाली सेनाका व्यक्तिले पाउन सक्नेछन्।

(३) यस नियम बमोजिम बिरामी बिदा लिएका नेपाली सेनाका व्यक्तिले पूरा तलब भत्ता पाउने छन्।

[f](४) उपनियम (१) बमोजिम नेपाली सैनिकको व्यक्तिले पाउने बिरामी बिदा सञ्चित हुँदै जानेछ।

[@](५) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बरखास्त गरिएकोमा बाहेक अरू जुनसुकै व्यहोराले आफ्नो नोकरीबाट अलग भएमा नेपाली सेनाको व्यक्तिले संचित विरामी बिदाको तलब निजको पदाधिकारी रहेको पदबाट खाइपाई राखेको तलबका दरले एकमुष्ट पाउनेछ। सेवामा बहाल छँदै मुत्यु भएमा उक्त रकम निजले इच्छाएको व्यक्तिलाई र इच्छाइएको व्यक्ति नभए निजको नजिकको हकवालालाई दिइनेछ।

f पहिलो संशोधनद्वारा संशोधित।
f पहिलो संशोधनद्वारा संशोधित।
@ पहिलो संशोधनद्वारा थप।

७. **विशेष बिरामी बिदा**: नेपाली सेनाका व्यक्ति लगातार कुनै ठूलो बिरामी भै सो बिरामी भएको दिन नियम ६ बमोजिम पाउने बिरामी बिदा र नियम ५ को उपनियम (८) बमोजिम पाउने पेश्की घर बिदाबाट कटाइसकेपछि पनि नपुगेमा निजले बढीमा दुई वर्षसम्म विशेष बिरामी बिदा पाउन सक्नेछ । यसरी लगातार विशेष बिरामी बिदा लिने नेपाली सेनाका व्यक्तिले पहिलो ३ महीनाको पूरा तलब भत्ता र त्यसपछि ६ महीनाको आधा तलब भत्ता पाउने छ । त्यसपछिको तलब भत्ता पाउने छैन । दुई वर्षपछि पनि नियम ८ मा लेखिएको अधिकारीले कर्तव्य गर्न नसक्ने ठहऱ्याएमा भने त्यस्तो व्यक्तिलाई कार्यभारबाट मुक्त गरिनेछ । शान्ति वा युद्धकालमा सोझै सैनिक कर्तव्य पालन गर्नाले बिरामी वा घाइते भएकोमा निजले आफ्नो बिरामी वा घाइते निको नभएसम्म पूरा तलबी विशेष बिरामी बिदा पाउन सक्नेछ । उक्त बिरामी वा घाइते निको भइसकेपछि पनि नियम ८ मा लेखिएको अधिकारीले कर्तव्य गर्न नसक्ने ठहऱ्याएमा भने ऐन बमोजिम हुनेछ ।

@७क. **क्रिया बिदा**: (१) नेपाली सेनाका व्यक्ति आफैं क्रियामा बस्नु परेमा कूल धर्म अनुसार बढीमा पन्ध्र दिन क्रिया बिदा पाउन सक्नेछ ।

(२) यस्तो क्रिया बिदा बस्ने नेपाली सेनाका व्यक्तिले पूरा तलब भत्ता पाउनेछ ।

@७ख. **प्रसूति बिदा**: (१) नेपाली सेनाका व्यक्ति (महिला) गर्भवती भएमा निजलाई सुत्केरीको अघि पछि गरी साठी दिन प्रसूति बिदा दिइनेछ ।

(२) प्रसूति बिदामा बस्ने व्यक्तिले पूरा तलब भत्ता पाउनेछ ।

√७ग. **राशन सहूलियत**: नेपाली सेनाका व्यक्तिले अध्ययन बिदा बाहेक अन्य बिदामा बसेको अवधिको राशन सहुलियत पाउनेछ र त्यस्तो सहुलियत पाउनेछ र त्यस्तो सहुलियत वर्षमा एक पटक कम्तीमा सात दिन घर बिदा लिई घरमा जाँदा र घरबाट आउँदाको बाटाको म्यादको अवधिमा समेत पाउनेछ ।

८. **बिरामी जाँच्ने अधिकारी**: (१) निम्नलिखित दर्जाका नेपाली सेनाका व्यक्ति बिरामी परेको भन्ने प्रतिवेदनमा परेमा निम्नलिखित अधिकारीले बिरामी परेको हो वा होइन जाँच्नेछ ।

---

@ पहिलो संशोधनद्वारा थप ।

@ पहिलो संशोधनद्वारा थप ।

√ पांचौ संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

(क) जनरल अधिकृतको निमित्त डि. एम. एस. अध्यक्ष र निजले तोकेको सैनिक अस्पतालको डाक्टर २ जना सदस्यहरू भएको मेडिकल बोर्ड, र

(ख) अरू नेपाली सेनाको व्यक्तिको निमित्त सैनिक अस्पतालको सी. ओ. अध्यक्ष र निजले तोकेको सैनिक अस्पतालको डाक्टर २ जना सदस्यहरू भएको मेडिकल बोर्ड ।

(२) बिरामी भएको कुनै नेपाली सेनाका व्यक्तिलाई बिरामी निको भै ड्युटी गर्न सक्ने भए भनी उपनियम (१) मा लेखिएको अधिकारीले निस्सा गरी नदिएसम्म ड्यूटीमा लगाउन हुँदैन ।

९. **अस्पताल बिरामी:** नेपाली सेनाका व्यक्तिले अस्पताल वा सो नभएको ठाउँमा सरकारी वा सरकारले मान्यता दिएका सिभिल अस्पतालमा भर्ना भै बिताएको दिनलाई बिरामी बिदा मानिने छैन । त्यस्तो बिरामीलाई अस्पताल बिरामी मानिनेछ र निजले सो अवधिको पूरा तलब भत्ता पाउनेछ । शान्ति वा युद्धकालमा सोझै सैनिक कर्तव्य पालन गर्नाले बिरामी वा घाइते भएकोमा त्यसरी अस्पताल बस्दा सो बिरामी वा घाइते निको नभएसम्म निजलाई अस्पताल बिरामी मानिनेछ र निजले सो अवधिको पूरा तलब भत्ता पाउनेछ । बिरामी वा घाइते निको भै सकेपछि पनि नियम ८ मा लेखिएको अधिकारीले कर्तव्य गर्न नसक्ने ठहराएमा भने त्यस्तो व्यक्तिलाई कार्यभारबाट मुक्त गरिनेछ ।

नेपाल कानून आयोग

१०. **नेपालबाहिर बिदा बिताउन परेमा गर्ने** : जनरल अधिकृत बाहेक अरू नेपाली सेनाका व्यक्तिले यी नियमहरू बमोजिम पाउने कुनै बिदा नेपालबाहिर बिताउन चाहेमा बिदाको निमित्त दिने निवेदनपत्रमा कुन मुलुकमा वा मुलुकहरूमा बिदा व्यतित गर्ने हो र के कामको निमित्त हो र नेपालबाहिरको आफ्नो ठेगाना समेत खुलाई पेश गर्नु पर्छ । बिदामा नेपालबाहिर जाने स्वीकृत भएकोले नेपालबाहिर हुँदाको आफ्नो ठेगाना एम. एस. र ए. ए. जि. ब्राञ्चमा दिई जानुपर्छ ।

११. **बिदाको निकासा दिने अधिकारी** : यी नियमहरू बमोजिम पाउने बिदा निम्नलिखित नेपाली सेनाका व्यक्तिलाई निम्नलिखित अधिकारीले निकास दिन सक्नेछ ।

(क) प्रधान सेनापतिको निमित्त ........ [※]

(ख) जनरल अधिकृतको निमित्त प्रधान सेनापतिले

(ग) अरू अधिकृतको निमित्त बिभागीय प्रमुख वा बृगेड कमाण्डरले,

(घ) अधिकृतको बाहेक अरू व्यक्तिको निमित्त सम्बन्धित बिभाग फर्मिशन, युनिट वा सव-युनिटको कमाण्डरले ।

तर [f]नियम ५ को उपनियम (७) बमोजिमको बिदा भने सबै सैनिक जवानको निमित्त प्रधान सेनापतिले मात्र निकासा दिन सक्नेछन् ।

**१२. बिदाहरूको प्रकाशन र रिकर्ड** : (१) नेपाली सेनाका व्यक्तिले यी नियमहरू बमोजिम लिएका बिदाहरू आर्मी अर्डर, बृगेड अर्डरमा पनि प्रकाशित गरिनेछ ।

(२) नेपाली सेनाका व्यक्तिले लिएका बिदाहरूको रेकर्ड सम्बन्धित बिभाग, फर्मेशन युनिट, सव-युनिट सबैले राख्नु पर्छ ।

**१३. रसद भत्ता** : अधिकृत बाहेक नेपाली सेनाका सरकारी रसद सहुलियत पाएका अरू व्यक्तिले घर बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट ड्यूटीमा आउँदा दिन १ को ने. रु. १।५० पैसाको दरले रसद भत्ता पाउनेछ । नियम १९ र २४ को देहायका लेखिएको कारणहरू परेमा बाहेक स्वीकृत बिदाभन्दा बढी दिन बसी गैर हाजिर भै फर्कदाको निमित्त र घर बिदामा नगै अन्यत्र जाने वा बस्नेको निमित्त त्यस्तो रसद भत्ता दिइने छैन । घर बिदामा घर जाँदा लाग्ने दिनको हिसाबले यो नियम बमोजिम पाउने रसद भत्ता अगावै दिइनेछ । फर्कदाको पाउने रसद भत्ता ड्यूटीमा फर्की आएपछि दिइनेछ ।

[f]**१४. बाटो म्याद** : नेपाली सेनाको व्यक्तिले [√]८ (आठ) कोसको निमित्त १ दिनको दरले बाटो म्याद पाउनेछ । मोटर, रेल, हवाईजहाजको बाटोलाई भने जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ । तर घर बिदामा घर नगई अन्यत्र जाने वा बस्नेको निमित्त बाटो म्याद पाउने छैन । अधिकृतको हकमा भने सबैभन्दा छोटो बाटोको हिसाबले बाटो म्याद दिइनेछ ।

---

[※] **संविधान सभाको मिति २०६४ जेष्ठ १५ को घोषणाले राजसंस्था नरहेको ।**

[f] पहिलो संशोधनद्वारा संशोधित ।

[f] पहिलो संशोधनद्वारा संशोधित ।

[√] पांचौ संशोधनद्वारा संशोधित ।

१५. **बिदा अधिकारको कुरा होइन** : (१) कुनै नेपाली सेनाको व्यक्तिले पनि अधिकारको रूपमा बिदाको दाबी गर्न पाउने छैनन् । कामको अनुकूल हेरी बिदा स्वीकृत गर्ने अधिकारीले आफ्नो तजबिजबाट बिदा दिन वा नदिन सक्नेछ ।

(२) कुनै नेपाली सेनाका जवान बिदा बसेको बेलामा सरकारी काम पर्न आएमा बिदाबाट ड्यूटीमा हाजिर हुनुपर्नेछ ।

१६. **बिदा छोड्नामा प्रतिबन्ध** : नेपाली सेनाका व्यक्तिलाई बिदा छाड्दा पल्टनको त्यसबेलाको हाजिरमा सयकडा पच्चीसभन्दा बढी छोडिने छैन ।

१७. **बिदा शूरु भएको र बिदाबाट ड्युटीमा हाजिर हुन आएको समयको हिसाब** : ड्युटीबाट बिदामा जाँदा दिउँसो १२.०० बजे अगाडि पल्टन छोडेमा त्यसै मितिदेखि र १२.०० बजेपछि छोडेमा भोलिपल्टको मितिदेखि बिदा शूरु भएको मानिनेछ । बिदाबाट ड्युटीमा हाजिर हुँदा १२.०० बजे अगाडि हाजिर भएमा सोही मितिमा र १२.०० बजेपछि हाजिर भएमा भोलिपल्टको मितिमा हाजिर भएको मानिनेछ ।

१८. **एन. सी. ओ. र सोभन्दा मुनिका नेपाली सेनाका अरू व्यक्तिले स्वीकृत बिदा भन्दा बढी दिन बसी गैर हाजिर भएमा गर्ने कारवाई** : (१) एन. सी. ओ र सोभन्दा मुनिका नेपाली सेनाका अरू व्यक्तिले स्वीकृत भएको बिदा भुक्तान भएपछि आफ्नो कर्तव्यमा हाजिर हुनुपर्ने दिनमा हाजिर नभई अर्को तीस दिनसम्ममा हाजिर हुन आएमा त्यसरी गैर हाजिर भएको कारणको कुनै सरकारी अड्डा वा गाउँ विकास समितिहरूको सहीछाप परेको अर्जि मुचुल्का भए निजलाई हाजिर हुने बित्तिकै आफ्नो व्यारेकको कोठामा थुनी, र त्यस्तो अर्जि मुचुल्का नभए क्वाटर गार्डमा थुनी सार्वजनिक बिदा बाहेक ४८ घण्टाभित्र अनुसूची १ बमोजिमको ढाँचामा अभियोगपत्र खडा गरी कमाण्डिङ अधिकृत छेउ उपस्थित गराइनेछ । सो अभियुक्तले आफू त्यसरी गैर हाजिर भएको पर्याप्त कारण कमाण्डिङ अधिकृतलाई चित्त बुझ्ने गरी पेश गर्न नसकेमा निजलाई सजाय गर्नु पर्ने र सो सजाय सैनिक अदालत नबोलाई ऐनको दफा ६९ बमोजिम गर्ने गरी कमाण्डिङ अधिकृतले ठहर गर्न सक्नेछ । त्यसरी ठहर गरेमा पर्याप्त कारणले कमाण्डिङ अधिकृतले मनासिव सम्झनु पर्ने दिनभन्दा बढी गैर हाजिर भै आएको व्यक्तिलाई त्यसरी मनासिव सम्झनु पर्ने भन्दा बढी ७ दिनसम्म गैर हाजिर भएकोमा सो गैर हाजिर परे जति दिनको तलब कट्टा हुने गरी र ७ दिन भन्दा बढी ३० दिनसम्म गैर हाजिर भएकोमा १४ दिनको तलब कट्टा हुने गरी सजायको आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ३ पटकसम्म सजाय पाइसकेपछि सो व्यक्तिले फेरि यस्तै कसूर गरेमा निजलाई समरी सैनिक अदालत बोलाई ऐन सवाल बमोजिम सजाय गरिनेछ ।

(३) कमाण्डिङ अधिकृतबाट उपनियम (१) बमोजिम भएको फैसलामा अभियुक्तको चित्त बुझेन भनी अभियुक्तले लेखिदिएमा मिसिल ऐनको दफा ७७ (क) मा लेखिएको उच्च अधिकृत छेउ पेश गरिनेछ । मिसिल पेश भएपछि निज उच्च अधिकृतले मुनासिव माफिकको कारणले बाहेक मिसिल पेश भएको १५ दिनभित्र ऐनको दफा ७६ बमोजिम सो सजायको आदेश सदर, बदर, हेरफेर गर्ने वा घटाउने आदेश साथ सो मिसिल पल्टनमा फर्काई दिनुपर्छ ।

(४) माथिका उपनियमहरू बमोजिम सजाय पाएका व्यक्ति अर्को पल्टनमा सरुवा भएमा उक्त सजाए पाएको सूचना पनि कमाण्डिङ्ग अधिकृतले सो व्यक्ति सरुवा भएको पल्टनम पठाई दिनुपर्छ ।

(५) एन. सी. ओ. र सोभन्दा मुनिका नेपाली सेनाका अरू व्यक्तिले स्वीकृत भएको बिदा भुक्तान भएपछि आफ्नो कर्तव्यमा हाजिर हुन आउनु पर्नेमा ठूलो बिरामी परी हाजिर हुन आउनु पर्ने दिन भुक्तान भएको ३० दिनसम्ममा पनि हाजिर हुन आउन नसक्ने देखिएमा "त्यसरी हाजिर हुन आउन नसक्ने देखिएमा" त्यसरी हाजिर हुनुपर्ने दिनको ३० दिनभित्र सरकारी अड्डा वा गाउँ विकास समितिको सहीछाप परेको अर्जि मुचुल्का आफ्नो पल्टनमा पठाइसक्नुपर्छ । आफ्नो वा नजिकको विभाग, युनिट, सव-युनिट भएको ८ कोसभित्र घर भएको व्यक्तिले ठूलो बिरामी भई बिदा नाघ्ने भएमा २४ घण्टाभित्र आफ्नो वा नजिकको विभाग, युनिट, सव-युनिटमा लिखित सूचना पठाउनु पर्नेछ । र हाजिर हुनुपर्ने दिनको ६० दिनभित्र जसरी भए पनि आफ्नो वा मिलिटरी अस्पतालमा हाजिर हुन आउनु पर्छ । यसरी हाजिर हुन आएपछि बिरामी जाँच्ने अधिकारीले बिरामी नै नठहऱ्याएमा कमाण्डिङ अधिकृतले समरी सैनिक अदालत बोलाई निजलाई ऐन बमोजिम सजाय दिइनेछ ।

(६) उपनियम (५) मा लेखिए बमोजिम कुनै व्यक्तिको ३० दिनभित्र अर्जि मुचुल्का आएकोमा गैर हाजिर भएको दिनदेखि साठ्ठी दिनसम्म निजको खाली पदमा अर्को व्यक्तिलाई स्थायी भर्ना वा प्रमोशन गरिने छैन ।

(७) त्यस्तो कुनै व्यक्ति स्वीकृत भएको बिदा भुक्तान भएपछि हाजिर हुन आउनु पर्ने दिनले ३० दिनसम्ममा हाजिर हुन पनि आएन र सिकिस्त बिरामी परेको भनी सरकारी अड्डा

वा गाउँ विकास समितिको सहिछाप गरेको अर्जि मुचुल्का पनि आफ्नो पल्टनमा पठाएन भने कोर्ट अफ इन्क्वायरी बोलाई ऐन बमोजिम गरिनेछ ।

१९. **स्वीकृत बिदाभन्दा बढी दिन बसी गैर हाजिर भएको दिनको बिदा निकासा हुनसक्ने अवस्था** : एन.सी. ओ. र सो मुनिका नेपाली सेनाका अरू व्यक्तिले स्वीकृत बिदाभन्दा बढी दिन बसी गैर हाजिर भएकोमा देहायको खास कारण परेको व्यहोराको सरकारी अड्डा वा गाउँ विकास समितिको सहिछाप परेको अर्जि, मुचुल्का वा अरू प्रमाण लिई सकभर चाँडो आफू हाजिर हुने ठाउँमा हाजिर हुन आएकोमा वा अरू कुनै अपर्झट परी समयमा हाजिर हुन नसक्ने खास कारण परी हाजिर हुने ठाउँको बाटो म्याद छँदै नजिकको नेपाली सेना रहेको व्यारेकमा गै सो व्यारेकको कमाण्डिङ अधिकृत वा निज नभए जे. सी. ओ. सँग आफू हाजिर भएको मिति लेखिएको निस्सा लिई सकभर चाँडो आफू हाजिर हुने ठाउँमा हाजिर हुन आएकोमा कमाण्डिङ अधिकृतले त्यसरी गैर हाजिर भएको दिनको निमित्त सम्बन्धित व्यक्तिको यी नियमहरू बमोजिम पाउने देहाय बमोजिमको बिदाको निकासा दिन सकिनेछ :-

(क) आफ्नो परिवारको कुनै सदस्यको ज्यू ज्यान वा आफ्नो चलअचल सम्पत्तिमा ठूलो क्षति पुग्न गएकोमा पाकेको वा पाक्ने घर बिदाबाट कट्टी हुने गरी बढीमा १५ दिनसम्म,

(ख) आफू असक्त बिरामी भएकोमा पाकेको बिरामी बिदाबाट कट्टी हुने गरी र त्यसबाट पनि नपुग भएमा पाकेको वा पाक्ने घर बिदाबाट कट्टी हुने गरी बढीमा साठ्ठी दिनसम्म,

(ग) अरू पर्याप्त कारण परेकोमा पाकेको, पाक्ने घर बिदाबाट कट्टी हुने गरी बढीमा सात ७ दिनसम्म ।

२०. **विधि** : (१) एन. सी. ओ. र सो भन्दा मुनिका नेपाली सेनाका अरू व्यक्ति आफ्नो युनिटबाट अन्त कर्तव्यमा खटिई गएका बखत बिदामा जाँदा आफ्नो युनिटसंग बिदाको निकासा लिनुपर्छ र बिदा भुक्तान भएपछि आफ्नो युनिटमा हाजिर हुनु पर्छ ।

(२) बिदामा जाने त्यस्तो व्यक्तिले सरकारी माल सामान लैजान पाउने छैन ।

(३) यी नियमहरू बमोजिम बिदाको निकासा दिने अधिकारीबाट बिदाको निकास नगराई नेपाली सेनाका कुनै पनि व्यक्ति आफ्नो कर्तव्यबाट गैर हाजिर हुन पाउने छैन ।



नेपाल कानून आयोग

(४) उपनियम (१) उल्लंघन गरी गैर हाजिर हुने नेपाली सेनाका व्यक्तिलाई ऐन बमोजिम सजाय हुनेछ ।

तर निकासा नहुँदै बिदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि बिदाको निवेदन परी सो बिदा स्वीकृत भएमा उपनियम (३) उल्लंघन गरेको मानिने छैन ।

२१. **समरी कोर्ट मार्शलको कार्यविधि** : समरी सैनिक अदालतको कारवाई राष्ट्रभाषामा लेखिनेछ ।

(२) समरी सैनिक अदालतको अगाडि अभियुक्तलाई ल्याएपछि साँचो बोल्छु भनी शपथ ग्रहरण गराइने छ र त्यसपछि निजलाई लागेको अभियोग सुनाइनेछ ।

(३) अभियोग सुनेपछि अभियुक्तलाई आफ्नो सफाई पेश गर्न मौका दिइनेछ । आफ्नो सफाईको पक्षमा अभियुक्तले कुनै साक्षी दिएको भए सो साक्षीलाई सो कोर्टमा बकाउन ल्याउन हुन्छ ।

(४) अभियुक्तलाई लागेको अभियोग गलत हो वा सजाय कम हुनु पर्छ भनी बहस गर्नलाई नेपाली सेनाको एकजना व्यक्तिसम्मलाई छलफल गर्न अभियुक्तले सो कोर्टमा ल्याउन पाउनेछ । निजसंग अभियुक्तले छलफलसम्म गर्न हुन्छ तर निजले आफैं वहस गर्न पाउँदैन ।

(५) अभियुक्तले अभियोगमा सावित भएको भए साविती र सावित नभएको वा सावित वेसाविती केही नभनेको वा बुझ्ने गरी नभनेकोमा वेसाविती भनी लेखिनेछ ।

(६) अभियुक्तले सावित हुनुपर्ने प्रमाणहरूबाट नदेखिएमा निजलाई अभियोग र त्यसबाट हुने नतीजा सम्झाई वेसाविती हो भनी सो कोर्टले सम्झाउनु पर्छ र त्यसपछि मात्र वेसाविती भनी लेख्नु पर्छ ।

(७) अभियुक्तले वा साविती भै सो कुरा लेखिसकेपछि वादीको बयान लिइनेछ । त्यसपछि आफ्नो सफाईमा केही भन्नु छ कि भनी अभियुक्तलाई सोधिनेछ र अभियुक्तले पनि आफ्नो सफाईमा केही भन्नुपर्ने कुरा भन्न पाउनेछ । आफ्नो सल्लाहकार साक्षी नभएसम्म अभियुक्तले त्यसरी आफ्नो कुरा नभनी बस्न पाउनेछ । उक्त कोर्टले गरेको प्रश्नमा अभियुक्तले उत्तर दिएन भने निज सजायको भागी हुने छैन । तर निजको उत्तर वा वेउत्तरबाट उक्त कोर्टले फैसला गर्न सक्नेछ । अभियुक्तलाई यसबेला शपथ ग्रहण गराउन पर्दैन ।

(८) वादी र अभियुक्तको बयान सबूद प्रमाण बुझिसकेपछि अभियुक्त दोषी हो होइन उक्त कोर्टले फैसला गर्नेछ ।

(९) अभियुक्त निर्दोषी ठहरिएमा उक्त कोर्टले सोही कुरा जनाई कागजमा मिति हाली सहिछाप गर्नेछ र सो कुरा उक्त कोर्टमा सुनाइसकेपछि अभियुक्तलाई अभियोग वा अभियोगहरूबाट मुक्त गरिनेछ ।

(१०) अभियुक्त दोषी ठहरिएमा उक्त कोर्टले कसूर वा कसुरहरूको सजाय तोक्नेछ र त्यसपछि मिति हाली सहिछाप गर्नेछ ।

(११) फैसलामा सहिछाप भएपछि कारवाईको सबै मिसिललाई सक्कल सम्झनु पर्छ ।

(१२) उक्त कोर्टले सजाय सुनाएपछि तुरुन्त तामेल गर्नु पर्छ ।

(१३) यो सजाय तामेल भएपछि सक्कल मिसिल जज एडभोकेट कहाँ काम जाँचको निमित्त पठाइनेछ ।

२२. **समरी कोर्ट मार्शलको मिसिल** : (१) समरी कोर्ट मार्शलको मिसिलको ढाचा अनुसूची-२ बमोजिम हुनेछ ।

(२) समरी सैनिक अदालतको मिसल जज एडभोकेट कहाँबाट आएपछि १ वर्षसम्म पल्टनमै राखी १ वर्ष नाघेपछि पल्टनकै बोर्ड बसी जलाई दिई सो कुरा कोर्ट मार्शलको किताबमा कैफियत जनाउनु पर्छ ।

२३. **जे. सी. ओ. ले स्वीकृत बिदाभन्दा बढी दिन बसी गैर हाजिर भएमा गर्ने कारवाई** : (१) कुनै जे. सी. ओ. ले स्वीकृत बिदा भुक्तान भएपछि आफ्नो कर्तव्यमा हाजिर हुन आउनु पर्ने दिनमा हाजिर नभै अर्को ३० दिनसम्ममा हाजिर हुन आएमा निजलाई हाजिर हुने बित्तिकै बिदा बाहेक ४८ घण्टाभित्र कम्पनी कमाण्डर वा सेकेण्ड-इन-कमाण्डरले अनसूची १ बमोजिमका ढाँचामा अभियोगपत्र खडा गरी कमाण्डिङ अधिकृत छेउ उपस्थित गराइनेछ । अभियुक्त त्यसरी गैर हाजिर भएको कारण कुनै सरकारी अड्डा वा गाउँ विकास समितिको सहिछाप परेको अर्जि मुचुल्का वा अरू प्रमाण कमाण्डिङ्ग अधिकृतलाई चित्त बुझ्ने गरी पेश गर्न नसकेमा कमाण्डिङ अधिकृतले निजलाई उक्त अभियोगपत्रको साथमा मातहतका उच्च अधिकारीकहाँ पठाइदिने छ । त्यसपछि निजलाई ऐनको दफा ७२ बमोजिम वा ऐन बमोजिम उपयुक्त सैनिक अदालत बोलाई कारवाई र सजाय गर्न सकिनेछ ।

(२) कुनै जे. सी. ओ. स्वीकृत बिदा भुक्तान भएपछि आफ्नो कर्तव्यमा हाजिर हुन आउनु पर्ने दिनले अर्को ३० दिनसम्ममा पनि आफ्नो कर्तव्यमा हाजिर हुन नआएमा कोर्ट अफ इन्क्वायरी गरी ऐन बमोजिम गरिनेछ ।

(३) उपनियम (१) बमोजिम सजाय पाएका व्यक्ति अर्को पल्टनमा सरुवा भएमा उक्त सजाय पाएको सूचना पनि कमाण्डिङ अधिकृतले सो व्यक्ति सरुवा भएको पल्टनमा पठाई दिनु पर्छ ।

(४) कुनै जे. सी. ओ. को स्वीकृत बिदा भुक्तान भएपछि गैर हाजिर भएको ३० दिनसम्म निजको खाली पदमा अर्को व्यक्तिलाई स्थायी भर्ना वा प्रमोशन गरिने छैन ।

२४. **जे.सी.ओ.को स्वीकृत बिदा भन्दा बढी दिन बसी गैर हाजिर भएको बिदा निकासा हुन सक्ने अवस्था** : कुनै जे.सी.ओ.ले स्वीकृत बिदाभन्दा बढी दिन बसी गैर हाजिर भएमा देहायको खास कारण परेको व्यहोराको सरकारी अड्डा वा गाउँ विकास समितिको सहिछाप परेको अर्जि मुचुल्का वा अरू प्रमाण लिई सकभर चाँडो आफू हाजिर हुने ठाउँमा हाजिर हुन अर्जि मुचुल्का वा अरू प्रमाण लिई सकभर चाँडो आफू हाजिर हुने ठाउँमा हाजिर हुन आएकोमा वा अरू कुनै अपरझट परी समयमा हाजिर हुन नसक्ने खास कारण परी हाजिर हुने ठाउँको बाटो म्याद छँदैमा नजिकको शाही नेपाली सेना रहेको व्यारेकमा गै सो व्यारेकको कमाण्डिङ अधिकृतसँग आफू हाजिर भएको मिति लेखिएको निस्सा लिई सकभर चाँडो आफू हाजिर हुने ठाउँमा हाजिर हुन आएकोमा यी नियमहरू बमोजिम बिदा स्वीकृत गर्ने अधिकारीले त्यसरी गैर हाजिर भएको दिनको सम्बन्धित व्यक्तिले यी नियमहरू बमोजिम पाउने बिदाबाट कट्टी हुने गरी बिदाको निकासा दिन सक्नेछ ।

(क) आफ्नो परिवारको कुनै सदस्यको ज्यू ज्यान वा आफ्नो चलअचल सम्पत्तिमा कुनै ठूलो क्षति पुग्न गएको,

(ख) आफू असक्त बिरामी भएको,

(ग) अरू पर्याप्त कारण परेको,

२५. **पद खाली भएमा सूचना पठाउने** : कुनै जे. सी. ओ. एन. सी. ओ.र सोभन्दा मुनिका नेपाली सेनाका कुनै पद खाली हुन आएमा बिदा र बाटोको म्याद बाहेक ३ दिनभित्र कमाण्डिङ अधिकृतले क. कि. जङ्गी फाँटलाई त्यसको सूचना पठाउनु पर्छ । सो म्यादभित्र क. कि. जङ्गी फाँटमा सूचना नदिएमा त्यस्ता कमाण्डिङ अधिकृतलाई ऐन बमोजिम सजाय हुनेछ ।

२६. **अधिकृतले स्वीकृत बिदाभन्दा बढी बसी गैर हाजिर भएमा गर्ने कारवाई** : (१) साधारणतया कुनै अधिकृतले एक दिन पनि गैर हाजिर पर्न हुँदैन । कुनै अधिकृतले स्वीकृत बिदा भुक्तान भएपछि आफ्नो कर्तव्यमा हाजिर हुन आउनु पर्ने दिनमा हाजिर नभै अर्को १५ दिनसम्ममा हाजिर हुन आएमा कमाण्डिङ अधिकृतले प्राप्त भएसम्मको सबूद प्रमाण र आफ्नो राय सहित निजलाई तह तहबाट प्रधान सेनापति छेउ उपस्थित गराइनेछ । अभियुक्तले त्यसरी गैर हाजिर भएको कारण कुनै सरकारी अड्डा वा गाउँ विकास समितिको सहिछाप परेको अर्जि मुचुल्का वा अरू प्रमाण प्रधान सेनापतिलाई चित्त बुझ्ने गरी पेश गर्न नसकेमा अभियुक्तलाई ऐन बमोजिम उपर्युक्त सैनिक अदालत बोलाई कारवाई र सजाय गर्न सकिनेछ ।

(२) कुनै अधिकृत स्वीकृत बिदा भुक्तान भएपछि आफ्नो कर्तव्यमा हाजिर हुन आउनु पर्ने दिनले अर्को १५ दिनसम्ममा पनि आफ्नो कर्तव्यमा हाजिर हुन नआएमा वा आफू गैर हाजिर परेको कारण सहित सूचना नपठाएमा कोर्ट अफ इन्क्वायरी गरी ऐन बमोजिम गरिनेछ ।

(३) कुनै अधिकृतको स्वीकृत बिदा भुक्तान भएपछि गैर हाजिर भएको ३० दिनसम्म निजको खाली पदमा अर्को व्यक्तिलाई स्थायी भर्ना वा प्रमोशन गरिने छैन ।

२७. **अधिकृतको स्वीकृत बिदाभन्दा बढी दिन बसी गैर हाजिर भएको निकासा हुन सक्ने अवस्था** : कुनै अधिकतृले स्वीकृत बिदाभन्दा बढी दिन बसी गैर हाजिर भएकोमा देहायको खास कारण परेको व्यहोराको प्रमाण पेश गरेमा यी नियमहरू बमोजिम बिदा स्वीकृत गर्ने अधिकारीले त्यसरी गैर हाजिर भएको दिनको निमित्त सम्बन्धित व्यक्तिले यी नियमहरू बमोजिम पाउने बिदाबाट कट्टी हुने गरी बिदाको निकासा दिन सक्नेछ :-

(क) आफ्नो परिवारको कुनै सदस्यको ज्यू ज्यानमा वा चल अचल सम्पत्तिमा कुनै ठूलो क्षति पुग्न गएको,

(ख) आफू असक्त बिरामी भएको,

(ग) अरू पर्याप्त कारण परेको ।

२८. **सैनिक अदालत गर्दा अधिकृतहरूले लगाउने युनिफर्म** : सैनिक अदालत गर्दा अधिकृतहरूले लगाउने युनिफर्म निम्नलिखित बमोजिम हुनुपर्छ ।

(क) ट्युनिक,

(ख) स्यामब्राउन वेल्ट,

(ग) सोर्ड,

नेपाल कानून आयोग

(घ) फरेज क्याप,

(ङ) हुनेले मेडल र तक्मा ।

२९. **खारेजी** : यस अघि जारी भएको आर्मिको निमित्त बिदाको नियम खारेज गरिएको छ ।

नेपाल कानुन आयोग

# अनुसूची - १

## अभियोग पत्र

| पल्टन | नम्बर | दर्जा | नाम थर वतन | जम्मा नोकरी | हुलिया | कैफियत |
|---|---|---|---|---|---|---|
| कसूर गरेको ठाउँ र मिति | अभियोगको विवरण | साक्षीको नाम थर, वतन पेशा | लागू हुने सैनिक ऐनको दफा वा सैनिक बिदा नियमहरूको नियम | पहिले लागेको अभियोगको विवरण | | |
| | | | | | | |

नेपाल कानून आयोग

एड्ज्यूटेण्ट वा यो पत्र बनी अधिकृतको सही पल्टनको कमाण्डिङ्ग अधिकृतको सही

दर्जा, नाम, थर दर्जा, नाम, थर

स्थान मिति स्थान मिति

नोट :

१. सैनिक ऐन लागू हुने व्यक्तिलाई लागेको एक वा एकभन्दा बढी अभियोगहरू एउटै पत्रमा लेख्न सकिने छ ।

२. मुद्दा पुर्पक्ष भैरहेका बेलामा अभियुक्तले अभियोगलाई इन्कार गर्दैन र कुनै बेइन्साफ निजलाई परेको छैन भने अभियुक्तको विवरण वा नाममा भूल भयो भन्दैमा अभियोगपत्रलाई मान्यता नदिने हुन सक्तैन ।

# अनुसूची -२

**समरी सैनिक अदालतको मिसिल**

सैनिक अदालतको प्रकार मिति

बोलाउने अधिकृतको ओहदा, नाम, दर्जा, थर नाम, थर

स्थान

सदस्य दर्जा

ऐनको दफा १०५ (२) बमोजिम उपस्थित भएको अधिकृत दर्जानाम, थर

ए. अधिकृतको दर्जा कोर्ट बसेको समय

अभियुक्त पल्टन नं. दर्जा नाम, थर वतन

लाई सैनिक अदालत ल्याएको समय

कोर्टको शपथ ग्रहण गऱ्यो अभियुक्तले शपथ ग्रहण गऱ्यो ।

अभियुक्तले आफ्नो सल्लाहकार ल्याएको छ भने निज सल्लाहकारले शपथ ग्रहण गऱ्यो ।

अभियोगपत्रबाट अभियोग सुनाएपछि अभियुक्तलाई सोधिने प्रश्न :

प्रश्नः- लागेको अभियोग वा अभियोगहरू साँचो हो होइन,

उत्तरः-

............अभियोग अभियुक्तले स्वीकार गर्छ ।

............अभियोग अभियुक्तले स्वीकार गर्छ ।

............अभियोग अभियुक्तले स्वीकार गर्दैन ।

............अभियोग अभियुक्तले स्वीकार गर्दैन

अभियुक्तलाई निज सावित भएको अभियोग कोर्टको सुनाई दर्ता गरेपछि सोधिने

प्रश्न:-

प्रश्न:- अभियोगको विषयमा वा सो अभियोग बापत लाग्ने सैनिक ऐन वा सैनिक बिदा नियमहरू बमोजिम हुने सजाय घटाउनलाई तपाईंको केही भन्नु छ ?

प्रश्न:- साक्षी कोही ल्याउन चाहनु हुन्छ ?

उत्तर:- साक्षी आएमा निजलाई शपथग्रहण गराई निजको बयान तल लेख्ने ।

---

प्रश्न:- अरू साक्षी ल्याउन चाहनु हुन्छ ?

उत्तर:- साक्षी आएमा निजलाई शपथ ग्रहण गराई निजको बयान तल लेख्ने ।

---

साक्षी वा साक्षीहरूको बयान लिइसकेपछि अभियोग गल्ती सावित गर्न केही भन्नु छ वा अरू केही कुरा भन्नु छ कि भनी अभियुक्तलाई सोधिनेछ ।

नेपाल कानून आयोग

अभियुक्तको भनाई :

वादीको भनाई :

अभियुक्तको भनाई :

कोर्टको फैसला

जुटेको सबै सबूद प्रमाणबाट अभियुक्त पल्टन नं. ........... दर्जा ............ नाम ............. थर ................ वतन .......................लाई

(१) म निर्दोष ठहराउँछु र निजलाई सम्मानसहित छुट्कारा दिन्छु ।

फैसला सुनाई अभियुक्तलाई आफ्नो कर्तव्यमा पठाइनेछ ।

(२) अभियोमा निर्दोष ठहराउँछु र त्यसबाट निजलाई रिहाई दिन्छु ।

(३) अभियोगमा दोषी ठहराउँछु र सैनिक ऐनको दफा वा सैनिक बिदा नियमहरूको निमय .......................... बमोजिम देहायको सजाय तोक्छु ।

अभियुक्तको पहिलो कसूर वा कसूरहरू र पाएको सजायको विवरण बमोजिम छन् ।

अभियोग :

मिति :

कोर्टको फैसला :

मिति :

हाल थुनामा रहेको :

मुद्दा सकिएको समय :

दिन भयो । हाल बेपत्ता भैरहेछ ।

स्थान मिति





नेपाल कानून आयोग

कोर्ट बोलाउने अधिकृतको सही

माथिल्लो तहको राय

नेपाल कानून आयोग

टिप्पणी :

१. संविधान (पहिलो संशोधन) ले "कोर्ट मार्शल" को सट्टा "सैनिक अदालत" र केही नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा "अफिसर" र "रिपोर्ट" को सट्टा "अधिकृत" र "प्रतिवेदन" राखी रूपान्तर गरिएको ।

२.	सैनिक (तेस्रो संशोधन) ऐन, २०४० ले "शाही सेना" को सट्टा "शाही नेपाली सेना" राखी रूपान्तर गरेको ।

नेपाल कानुन आयोग